आज मिति २०७६ साल बैशाख ०८ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्यपालिकाको बयालीसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

**उपस्थिति**

श्री जमान सिंह के.सी. - अध्यक्ष

श्री हिमा कुमारी थरुनी - उपाध्यक्ष

श्री दयाराम बैद्य थारु - कार्यपालिका सदस्य

श्री आलोक कुमार थारु - ,,

श्री पुनाराम थारु - ,,

श्री बल बहादुर चलाउने - ,,

श्री ~~धर्म प्रकाश थारु~~ विरेन्द्र बहादुर शाह - ,, का.वा. वडा अध्यक्ष

श्री टेक बहादुर चौधरी - ,,

श्री शान्ती चौधरी - ,,

श्री राजु बडुवाल खत्री - ,,

श्री चन्द्ररुपा कामी - ,,

श्री मोवीला शर्मा पौडेल - ,,

श्री लक्षिण बहादुर नेपाली - ,,

श्री बम बहादुर वि क. - ,,

श्री ठाकुर प्रसाद चौधरी - नि.प्र.प्र.अ.,सदस्य-सचिव

Scanned with CamScanner

**प्रस्तावहरु:-**

१. चालु आ.व. ०७५/७६को चैत्र मसान्त सम्मको यथार्थ आय–व्यय विवरण सम्बन्धमा ।
२. रोलर भाडादर सम्बन्धमा ।
३. जि.स.स., बर्दिया बाट राजश्व बाँडफाँड बापदको रकम सम्बन्धमा ।
४. वडा नं. ४ को शान्तीपूर, ढुकीनीयामा खोप क्लिनीक निर्माण गर्ने सम्बन्धमा ।
५. प्रमुख प्रशासकीय अधिकृत माग गर्ने सम्बन्धमा ।
६. विशेष गाउँसभा बस्ने सम्बन्धमा ।
७. बिबिध
(क) आर्थिक सहायता सम्बन्धमा ।
(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

**निर्णयहरु :-**

**१. चालु आ.व. ०७५/७६को चैत्र मसान्त सम्मको यथार्त आय–व्यय विवरण सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको चालु आ.व. ०७५/७६को चैत्र मसान्त सम्मको यथार्थ आय–व्यय विवरण देहाय बमोजिम प्रस्तुत गरियो ।

**तपशिल**

| क.सं. | शिर्षक | अनुमानित( रु. हजारमा) | यथार्थ( रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|---|
| १. | कुल आय | ३८९४७५ | २६३५२१ | ६८ |
| २. | कुल व्यय | ३८९४७५ | १५१०७३ | ३७.४ |
| ३. | चालु खर्च | २४९८२८ | १४०४३७ | ५४.८६ |
| ४. | पुँजीगत खर्च | १३९६४७ | १०६३६ | ७.१९ |

**२. रोलर भाडादर तोक्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा रहेको रोलरको भाडा गेरुवा गाउँपालिका क्षेत्र भित्र संचालन रहने योजना तथा कार्यमा प्रयोग गर्ने गरि तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपशिल**

क. कार्यस्थल सम्म जाँदाको इन्धन खर्च सम्बन्धित भाडामा लिने पक्षले व्यहोर्नु पर्नेछ ।
ख. काम गर्दाको खर्च इन्धन बाहेक प्रतिघण्टा रु. २५,००।– ( अक्षरुपी दुई हजार पाँच सय मात्र)
ग. काम गर्दाको इन्धन खर्च सम्वन्धित भाडामा लिने पक्षले व्यहोर्नु पर्नेछ ।
घ. चालक भत्ता भाडामा लिने पक्षले व्यहोर्नु पर्नेछ ।

**३. जि.स.स., बर्दिया बाट राजश्व बाँडफाँड बापतको रकम सम्बन्धमा ।**

Scanned with CamScanner

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला समन्वय समिति, वर्दिया वाट राजश्व बाँडफाँड वापत प्राप्त गर्नुपर्ने रकम माग गर्ने र उक्त रकम वाट गेरुवा गाउँपालिका वडा नं. ६ मा रहेको अधुरो वडा कार्यालय भवन, वडा नं. ५ को वडा कार्यालय भवन र गेरुवा गाउँपालिका वडा नं. ५, पथरैयामा अस्थायी प्रहरी चौकी भवन निर्माण गर्ने निर्णय गरियो ।

४. **वडा नं. ४ को शान्तीपूर, ढुकीनीयामा खोप क्लिनीक निर्माण गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गेरुवा गाउँपालिका वडा नं. ४ शान्तीपूर, ढुकीनियामा रहेको खोप क्लिनीक भवन नभई सेवा प्रवाहमा असजिलो भएकोले आ.व. ०७५/०७६ मा १ (एक) वटा खोप क्लिनीक निर्माण गर्न प्राप्त शसर्त बजेट रु. ३,००,०००।– ( अक्षरुपी तीन लाख मात्र) वाट उक्त स्थानमा खोप क्लिनीक निर्माण गर्ने निर्णय गरियो ।

५. **प्रमुख प्रशासकीय अधिकृत माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिम वहादुर खत्री मिति २०७५/०८/२६ गते बाट विदामा वस्नु भएको र प्रमुख प्रशासकीय अधिकृत लामो समयसम्म विदामा बसेको हुनाले गेरुवा गाउँ कार्यपालिकाको कार्यालयको दैनिक प्रशासनिक, विकास निर्माण तथा नीति निर्माणका कामकाजहरु प्रभावित भईरहेको हुँदा यथाशिघ्र प्रमुख प्रशासकीय अधिकृत खटाई पठाईदिन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

६. **विशेष गाउँसभा बस्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको चालु आ.व. ०७५/०७६ को वार्षिक वजेट तथा कार्यकम संशोधन गर्नु पर्ने भएको हुँदा मिति २०७६ वैशाख २० गते विशेष गाउँसभा वस्ने निर्णय गरियो ।

७. **बिबिध**

**(क) आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव नं. ७(क) माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा आएको हावाहुरी तथा आगलागीका कारण हुन गएको विपद् तथा गेरुवा गाउँपालिकामा बसोवास गर्ने गेरुवावासी नागरिकहरुलाई क्यान्सर जस्ता रोगव्याधी लागेको हुँदा नीजहरुलाई देहाय बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| क.सं. | विवरण | नाम, थर | सहायता रकम |
|---|---|---|---|
| १. | हावाहुरी | भरत कुमार भट्टराई | ५,०००।– |
| २. | आगलागी | पदम वहादुर ढकाल | ५,०००।– |
| ३. | फोक्सो क्यान्सर | पदमा देवी कडायत | १०,०००।– |
| ४. | क्यान्सर | चिड्लाल थारु | १०,०००।– |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५. | गैंडा आकमण | जुगमती थरुनी | १०,०००।– |
| ६. | लिभर क्यान्सर | झंकर धामी | १०,०००।– |
| ७. | पाठेघर क्यान्सर | गोभली बदिनि | १०,०००।– |
| ८. | क्यान्सर | आशु थारु | १०,०००।– |

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

प्रस्ताव नं. ७(ख) माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको आगामी नियमित कार्यपालिका बैठक मिति २०७६/१/२० गते विहान ८ बजे गेरुवा गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

Scanned with CamScanner